# राष्ट्रिय महिला आयोगका पदाधिकारी एवं कर्मचारीहरूले पालना गर्नुपर्ने आचारसंहिता, २०८०

आयोगबाट पारित मितिः २०८०।०९।२९

## प्रस्तावनाः

नेपालको संविधानले लैङ्गिक विभेदको अन्त्य गर्ने संकल्प सहित महिलालाई लैङ्गिक भेदभावविना समान वंशीय हक, सुरक्षित मातृत्व र प्रजनन् स्वास्थ्य सम्बन्धी हक तथा राज्यका सबै निकायमा समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागी हुने हक लगायत मौलिक हकको प्रत्याभूति गरेको छ । संविधानको धारा २५२ बमोजिम राष्ट्रिय महिला आयोगले महिलाहरूको हकहितको संरक्षण र सम्बर्द्धन गरी लैङ्गिक समानता र महिला सशक्तिकरणको माध्यमद्वारा महिलाहरूलाई राष्ट्रिय विकासको मूल प्रवाहमा समाहित गर्ने कार्य गर्दै आएको छ । लैङ्गिक विभेदको अन्त्य तथा महिला हिंसा न्यूनीकरणमा आयोगको भूमिका अत्यन्त व्यापक, बृहद तथा महत्वपूर्ण हुँदै गएको विषयलाई मध्यनजर गर्दै आयोगको कामलाई अझै पारदर्शी र परिणाममुखी बनाउन आयोगका पदाधिकारीहरू एवं कर्मचारीहरूको नैतिक आचरण उच्च हुनु पर्ने कुरालाई महसुस गर्दै,

नेपालको संविधान, प्रचलित कानून तथा अन्तर्राष्ट्रिय सन्धि सम्झौता, प्रतिवद्धता तथा मान्यतालाई समेत मध्यनजर गर्दै आयोगको काम कारवाहीलाई अझ सुदृढ, परिमार्जित र परिस्कृत बनाउन राष्ट्रिय महिला आयोग ऐन, २०७४ को परिच्छेद २ दफा ३ को खण्ड (झ) ले दिएको अधिकार प्रयोग गरी राष्ट्रिय महिला आयोगले यो आचार संहिता जारी गरेको छ ।

## भाग– १

१. <u>संक्षिप्त नाम र प्रारम्भः</u>

१.१ यस आचार संहिताको नाम "राष्ट्रिय महिला आयोगका पदाधिकारीहरू एवं कर्मचारीहरूले पालना गर्नुपर्ने आचारसंहिता, २०८०" रहेको छ ।

१.२ यो आचारसंहिता आयोगबाट स्वीकृत मितिबाट प्रारम्भ हुनेछ ।

## भाग– २

२. आचरणका सिद्धान्तहरू

२.१ लैङ्गिक समानताप्रतिको प्रतिवद्धता

२.२ सामाजिक न्याय र समावेशीकरण

२.३ विविधता प्रतिको प्रतिवद्धता

२.४ साझेदारी र सहभागिता

२.५ स्वतन्त्रता र स्वायत्तता

२.६ अधिकारमुखी अवधारणा

२.७ निष्पक्षता र तटस्थता

२.८ समयको पालना

२.९ गुणस्तर र एकरूपता

२.१० विशेषज्ञता

२.११ ईमान्दारीता, गोपनीयता र सदाचारिता

२.१२ निष्ठा अनुशासन र नैतिकता

भाग ३

३. परिभाषाः

३.१ "आचरण" भन्नाले पदाधिकारीहरू/ एवं कर्मचारीहरूले पालना गर्नुपर्ने व्यवहार, वानी व्यहोरा, चालचलन वा चरित्र सम्झनु पर्दछ।

३.२ "आयोग" भन्नाले नेपालको संविधानको धारा २५२ बमोजिमको राष्ट्रिय महिला आयोग सम्झनु पर्दछ ।

३.३ "कर्मचारी" भन्नाले आयोगमा कार्यरत कर्मचारी सम्झनु पर्दछ ।

३.४ "कार्यालय" भन्नाले आयोगको केन्द्रिय कार्यालय सम्झनु पर्दछ ।

३.५ "पदाधिकारी" भन्नाले आयोगका अध्यक्ष र सदस्य पदमा बहाल रहेको पदाधिकारी एवं आयोगका कर्मचारी सम्झनु पर्दछ ।

३.६ "परिवार" भन्नाले पदाधिकारीहरू एवं कर्मचारीहरूसँग बस्ने तथा निज आफैले पालन पोषण गर्नुपर्ने पति, पत्नी, वुहारी, ज्वाई छोरा, छोरी, धर्मपुत्र, धर्मपुत्री, बाबु, आमा, वा सौतेनी आमा, बाजे, बज्यै तथा विवाहित महिला पदाधिकारीको हकमा निजको सासु, ससुरालाई समेत सम्झनु पर्दछ ।

## भाग ४

### क. सदाचार, निष्ठा र अनुशासन सम्बन्धी

४.१ आयोगका पदाधिकारीहरूले नियुक्ति पाएको एक महिनाभित्र र तत्पश्चात वार्षिक रूपमा तोकिएको अवधिमा सम्पत्ति विवरण तयार गरी पेश गर्नु पर्नेछ ।

४.२ आफुले कुनै पनि सार्वजनिक निकायलाई तिर्नुपर्ने वा बुझाउनु पर्ने रकम कर, दस्तुर, जरिवाना, दण्ड वा महशुल कानून बमोजिम वुझाउनु पर्नेछ ।

४.३ आफ्नो पदीय हैसियतमा प्राप्त गर्ने सुविधा वा सहुलियतको दुरूपयोग नगर्ने वा नगराउने ।

४.४ अधिकारको दुरूपयोग आर्थिक अपारदर्शिता र भ्रष्टाचारजन्य कार्यप्रति शून्य सहनशीलता अपनाउनु पर्नेछ

४.५ आयोगको काम कारवाहीमा कुनै प्रकारले असर पर्न सक्ने गरी कुनै पनि सदस्यले आयोगको पूर्व स्वीकृती विना आफुले वा आफ्नो परिवारको सदस्यद्धारा कुनै प्रकारको दान दातव्य कोसेली वा उपहार स्वीकार गर्न वा चन्दा माग्न पाईने छैन तर विशुद्ध पारिवारिक सम्वन्ध र मित्रताको आधारमा प्रदान गरिएको दान दातव्य कोसेली वा उपहार स्वीकार गर्न बाधा पर्नेछैन ।

४.६ पदाधिकारीहरूले आफ्नो व्यक्तिगत प्रयोजनको लागि सार्वजनिक सम्पत्ति तथा कोषको प्रयोग गर्न पाईने छैन ।

४.७ आयोगको कामसँग सम्बन्धित विषयमा सरोकारवाला पक्ष, संस्था, निकाय, पदाधिकारी वा व्यक्तिसँग स्वार्थ वाझिने (Conflict of Interest) गरी काम गर्न, पूर्वाग्रह, पक्षपात र भेदभाव गर्न पाईने छैन ।

## ख. पेशागत र व्यावसायिक आचरणहरू

४.८ आदेशको श्रृङ्खला (Chain of Command) को परिपालना गर्नु पर्नेछ । आयोग र कर्मचारीतन्त्रका मूल्य मान्यतालाई कदर गर्दै एक आपसमा शिष्ट, सम्मानजनक एवं मर्यादित व्यवहार गर्नु पर्नेछ ।

४.९ पदाधिकारीहरूले आफ्ना सहकर्मी साथीहरूको विचार वा रायको सधै सम्मान गर्नु पर्नेछ र आफ्ना सहकर्मीहरूलाई सार्वजनिक रूपमा आलोचना गर्न पाईने छैन ।

४.१० तोकिएको समयमा कार्यालयमा उपस्थित भई अनिवार्य रूपमा हाजिरी जनाउनु पर्नेछ ।

४.११ पदाधिकारीहरूले आयोगको काम र कारवाहीको विषयमा सञ्चार माध्यम वा अन्य निकायलाई जानकारी दिदा वा प्रेश विज्ञप्ती जारी गर्दा मर्यादित, बस्तुनिष्ठ, स्पष्ट र संक्षिप्त भाषा प्रयोग गर्नु पर्नेछ ।

४.१२ आयोगको गरिमा, मर्यादा वा स्वतन्त्रतामा आँच पुग्ने गरी अभिव्यक्ति दिन, काम कारवाही गर्न गराउन पाईने छैन र त्यस्ता काममा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा संलग्न हुन पाईने छैन साथै आयोगको तर्फबाट सार्वजनिक समारोहमा प्रस्तुत हुँदा आयोगको मर्यादामा आँच आउनेगरी वा आयोगको नीति विपरीतका कुराहरू व्यक्त गर्नु हुदैन ।

४.१३ आयोगको बैठक सञ्चालन भएको अवधिमा आयोगको बैठक सञ्चालन कार्यविधि २०७८ को पूर्ण पालना गर्नु पर्नेछ ।

४.१४ पदाधिकारीहरूले आयोगको बैठकमा आयोगबाट तोकिएका एवं आयोगका अन्य क्रियाकलाप तथा गतिविधिका विषयमा हुने छलफलमा पूर्ण समय दिनु पर्नेछ ।

४.१५ आयोगका पदाधिकारी वा कर्मचारीहरूको सम्बन्धमा कुनै विषयलाई लिएर सार्वजनिक धारणामा नराम्रो असर पर्ने सम्भावना छ भने कुनै पदाधिकारी वा कर्मचारीलाई जानकारी भएमा त्यसबारेमा सम्बन्धित पदाधिकारी वा कर्मचारीलाई यथाशक्य छिटो जानकारी गराउनु पर्दछ ।

४.१६ आयोगको पदधिकारहरूले कुनै राजनीतिक दल वा त्यस्तो दलसँग आवद्ध कुनै संघ संस्थाको सदस्यता ग्रहण गर्न वा कुनै पनि राजनीतिक पदको लागि हुने निर्वाचनमा भाग लिन वा कसैको निमित्त मत माग्न वा कुनै प्रकारको प्रभाव पार्न पाईने छैन ।

४.१७ विद्युतीय सामग्री तथा समाजिक सञ्जाल वा अन्य कुनै माध्यम मार्फत आयोगको नीति विपरित हुने गरी व्यक्तिगत गालिगलौज, लाञ्छना, आरोप र चरित्रहत्या जस्ता कार्य गर्न वा कोही कसै मार्फत गराउन समेत पाईने छैन ।

४.१८ आयोगको कार्यालयभित्र, बाहिर र अन्य संघ संस्थाको समन्वयमा गरिने कार्यव्यवहार तथा अभिव्यक्तिहरू शिष्ट, मर्यादित र लैङ्गिक संवेदनशील हुनुपर्नेछ ।

४.१९ आफ्नो जिम्मेवारीलाई मर्यादापूर्वक वहन गरी निष्पक्ष, स्वच्छ तथा छरितो रूपमा कार्यसम्पादन र सेवा प्रदान गर्नुपर्नेछ ।

४.२० कार्यालयभित्र तथा बाहिर लैङ्गिक भेदभाव, घरेलु हिंसा, यौनजन्य हिंसा, दुर्व्यवहार (शारीरिक मानसिक तथा मौखिक) गर्नु हुदैन ।

४.२१ आयोगको गम्भीर प्रकृतिको काम र सेवामा आवश्यक गोपनीयता र संवेदनशीलता अपनाउनु पर्नेछ ।

४.२२ कसैलाई पनि भेगीय, जातीय, वर्गीय, शारीरिक अशक्तता, वैवाहिक स्थिति, लैङ्गिक पहिचान, यौनिकता जस्ता सामाजिक विविधताको आधारमा भेदभाव गर्नु हुदैन ।

४.२३ आयोगको कार्य सम्पादन समयमा आयोगका पदाधिकारी, कर्मचारी तथा सेवाग्राही समेतलाई धूम्रपान, मद्यपान तथा मदिराजन्य पदार्थ सेवन गर्न पूर्णरूपमा निषेध हुनेछ ।

४.२४ परिवारका सदस्य तथा आफ्ना नातेदार संलग्न भएको वा आफुसँग जोडिएको कुनै पनि उजुरीको अनुसन्धान तथा निर्णय प्रक्रियामा भाग लिन पाईने छैन ।

४.२५ आयोगको बैठकमा वा अन्य अनौपचारिक छलफलको क्रममा आफ्नो धारणालाई मर्यादित, तर्कसंगत तथा शिष्ट ढंगले राख्नु पर्नेछ ।

४.२६ आयोगका पदाधिकारीहरूको हैसियतमा सम्पादित कार्यलाई संस्थागत उपलब्धीको रूपमा ग्रहण गर्नु पर्नेछ ।

४.२७ आयोगको पदाधिकारीको हैसियतमा सम्पादन गरेको काम वैयक्तिकरण गर्न पाइने छैन ।

४.२८ कार्यालय समयलाई आफ्नो व्यक्तिगत काममा प्रयोग गर्न पाईने छैन ।

४.२९ आयोगको पदाधिकारी एवं कर्मचारीहरूले कुनै पनि धार्मिक संगठन खोल्ने तथा धर्मको प्रचार प्रसार गर्न वा कुनै पनि प्रकारको प्रभाव पार्नु हुँदैन । तर धर्ममा आस्था राख्ने प्रत्येक पदाधिकारी एवं कर्मचारीलाई आफ्नो आस्था अनुसारको धर्म अवलम्वन, अभ्यास र संरक्षण गर्न कुनै रोकावट हुने छैन ।

४.३० आयोगको पदाधिकारीको हैसियतले राष्ट्रिय/ अन्तराष्ट्रिय संघ, संस्था निकाय वा व्यक्ति बीच राखेको विचार अभिव्यक्ति वा लिखिल/ अलिखित अनुरोधको विषय आयोगमा अभिलेखीकरण गर्नु पर्नेछ । अभिलेख व्यवस्थापन आयोगको सचिव मार्फत गर्नुपर्नेछ ।

४.३१ कानून बमोजिम बाहेक बाह्य रोजगारी स्वीकार गर्न पाइने छैन ।

४.३२ आयोगका पदाधिकारीहरू सेवा निवृत्त हुँदा वा कर्मचारी सरुवा भई जाँदा कार्यालयका सामग्रीको साथै संस्थागत स्मरण सम्बद्ध विषय अनिवार्य रूपमा बरबुझारथ गर्नुपर्नेछ ।

## भाग ५
## गर्न सक्ने कार्यहरू

५.१ आयोगको काम कारवाहीमा प्रतिकुल प्रभाव नपर्ने गरी आफुले विशेषज्ञता हासिल गरेको विषयमा लिखित वा मौखिक परामर्श दिन वा कानून सम्मत स्वीकृत लिई अध्ययन अनुसन्धान र अध्यापन गर्न ।

५.२ आयोगको काममा वाधा नपर्ने गरी निर्णय बमोजिम आतिथ्यता ग्रहण गर्न ।

५.३ सबैको लागि खुला गरिएको प्रतिष्पर्धामा सहभागी भई पुरस्कार, पदक तथा प्रमाणपत्र ग्रहण गर्न ।

५.४ नेपाल सरकारको कानून बमोजिम स्थापित बैङ्किग एवं वित्तीय संस्था तथा सार्वजनिक कम्पनीहरू सार्वजनिक रूपमा जारी गरेको ऋण पत्र वचत पत्र शेयर खरिद/ बिक्री गर्न वा लाभांश लिन ।

## भाग ६
## सेवा निवृत/सरुवा पछिका आचरणहरू

६.१ आयोगबाट सेवा निवृत पछि अनुचित फाईदा लिन पाईने छैन ।

६.२ आयोगबाट सेवा निवृत्त भएका पदाधिकारी वा सरुवा भएपछि कर्मचारीहरूले आयोगलाई आँच आउने किसिमको अभिव्यक्ति दिनु हुँदैन र गोपनीयता सम्बन्धी दायित्वलाई पालना गर्नुपर्नेछ ।

भाग ७

## आमसञ्चार सम्बन्धी

### क. समाचार तथा सार्वजनिक अभिव्यक्ति

७.१ आयोगको छविमा आँच आउने गरी वा पदाधिकारी वा कर्मचारीको छविमा आँच पुग्ने गरी कुनै पनि व्यक्ति वा संस्थाले आयोगका पदाधिकारी एवं कर्मचारीको विषयमा सामाजिक सञ्जाल तथा सञ्चार माध्यममा कुनै नकारात्मक समाचार वा अभिव्यक्ति सार्वजनिक भएमा पदाधिकारी वा कर्मचारी र समाचार वा अभिव्यक्ति प्रकाशन तथा प्रशारण गर्ने निकाय/व्यक्तिको आयोगले स्पष्टीकरण लिनुपर्नेछ ।

७.२ पदाधिकारीहरू वा कर्मचारीहरूले आफूमा लागेको आरोपको छानविन हुन तथा न्याय प्राप्त गर्न आयोगलाई निवेदन दिन सक्नेछ ।

७.३ सत्य तथ्य अनुसन्धान गरी दोषीमाथि कारवाहीको लागि आयोग प्रक्रियामा जानेछ ।

### ख. समाचार तथा सार्वजनकि अभिव्यक्तिको जिम्मेवारी

७.५ आयोगका कुनै पदाधिकारी वा कर्मचारीका परिवारका सदस्यबाट आयोग वा आयोगका अन्य पदाधिकारी वा कर्मचारी प्रति लक्षित गरी नकारात्मक भाव जगाउने समाचार वा अभिव्यक्ति सार्वजनिक भएमा त्यस्तो समाचार वा अभिव्यक्तिको जिम्मेवारी सम्बन्धित पदाधिकारी एवं कर्मचारीहरूले नै लिनुपर्ने छ ।

भाग ८

## आचार संहिताको अनुगमन

यो आचार संहिताको पालना सम्बन्धी अनुगमन देहाय बमोजिमका पदाधिकारीबाट गरिनेछ ।

८.१ आयोगको अध्यक्षको हकमा आयोगबाट

८.२ आयोगको सदस्यहरूको हकमा अध्यक्षबाट

८.३ आयोगको अध्यक्षको अनुपस्थितिमा वरिष्ठताको क्रममा कार्यवाहक सदस्यबाट

८.४ आयोगको सचिवको हकमा आयोगबाट

८.५ आयोगको कर्मचारी एवं आयोगबाट नियुक्त विशेषज्ञको हकमा आयोगको सचिव वा निजले तोकेको अधिकृतबाट

८.६ यो आचारसंहिताको सूचक समेतका आधारमा आयोगका पदाधिकारी एवं कर्मचारीहरूको आचारसंहिता पालनाको स्तर मापन गरी उत्कृष्ट ठहरिने एक/एकजनालाई राष्ट्रिय महिला आयोगको स्थापनाको दिन प्रशंसापत्र प्रदान गरिनेछ ।

भाग ९

## विविध

९.१ यो अचारसंहिता राष्ट्रिय महिला आयोग ऐन, २०७४, आयोगको नियमावली, २०७८ र अन्य आयोगका कार्यविधि तथा निर्देशिकाहरूको सहयोगी तथा पूरकको रूपमा रहनेछ ।

९.२ आयोगका पदाधिकारीहरूबाट यस आचारसंहिताको पालना भए नभएको विषयमा मूल्याङ्कन गरी पालन नभएको पाइएमा सम्बन्धित सदस्यलाई ध्यानाकर्षण गराउनु पर्नेछ ।

९.३ यो आचारसंहिता सरोकारवालाहरूको जानकारीका लागि आयोगको वेवसाईटमा राखिने छ ।